मिति २०८१/१०/२० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

सैनामैना नगरपालिका अन्तर्गतका तपसिलका खेलकुदको लागि लागत साझेदारीमा सञ्चालित नगर स्तरीय ब्याडमिन्टन, भलिबल तथा फूटवल खेल सञ्चालनको रु ६०००००। मागमा आधारित योजना तथा कार्यक्रम सञ्चालन शिर्षकबाट रु ३५००००। र कार्यक्रम खर्च शिर्षकबाट रु २५००००। व्यहोर्ने गरी तपसिलका खेलकुद सञ्चालनको लागि तपसिलको रकम विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रु | कैफियत |
|---|---|---|---|
| १ | दुधराक्ष युवा क्लवद्वारा आयोजना गरिने सैनामैना दुधराक्ष कप राष्ट्रिय क्लव स्तरीय पुरुष भलिवल प्रतियोगिता २०८१ | ५००००० | |
| २ | मुर्गिया फूटवल क्लवद्वारा आयोजना गरिने सुनगाभा सैनामैना गोल्ड कप २०८१ फूटवल प्रतियोगिता | ५००००० | |
| ३ | नगर स्तरीय ब्याडमिन्टन प्रतियोगिता सञ्चालन(सैनामैना ब्याडमिन्टन क्लव) | १००००० | खर्च अनुमोदन |
| ४ | नगर स्तरीय क्रिकेट प्रतियोगिता सञ्चालन | १००००० | |
| | जम्मा रु | १२००००० | |

निर्णय नं. २

सैनामैना नगरपालिका १ नं. कार्यालयको च.नं. १८३५ मिति २०८१/१०/०६ गतेको प्राप्त पत्र अनुसार बुद्ध टोल अन्तर्गत पर्ने कर्साघाको जग्गामा स्थानीयवासीको स्वास्थ्यमा असर नपार्ने र वातावरणमैत्री हुने गरी पूर्व पश्चिम लोकमार्ग अन्तर्गतको बुटवल गोरुसिङ्गे चन्द्रौटा सडक निर्माणको लागि SCEGC-ANS JV लाई निर्माण सामाग्री राख्न र Asfalt Plant सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. ३

सैनामैना नगरपालिकाको मागमा आधारित कार्यक्रम अन्तर्गत ५०/५० लागत साझेदारीमा सञ्चालन गर्ने गरी तपसिल बमोजिमका योजना छनौट गर्ने निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/१०/२० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

तपसिल

| क्र.सं. | योजनाको नाम र स्थान | नगरपालिका रु | उपभोक्ता रु | जम्मा रु |
|---|---|---|---|---|
| १ | मुर्गिया टोलको समावेशी पथमा सडक कालोपत्रे सैनामैना ४ | २२५००० | २२५००० | ४५०००० |
| २ | बुद्धनगर खानेपानी तथा सरसफाई उ.स. जेनेरेटर हाउस निर्माण सैनामैना ५ | ३००००० | ३००००० | ६००००० |
| ३ | जनजागरण टोल रानी डाँडामा सिंचाई स्यालो ट्यूबेल निर्माण सैनामैना ७ | १५०००० | १५०००० | ३००००० |
| ४ | लम्टिया डिप ट्यूबेल भूमिगत जल सिंचाई उपभवक्ता समिति सिंचाई पाइप विस्तार सैनामैना ७ | १५०००० | १५०००० | ३००००० |
| ५ | भालु खोल्टा शहीद मार्ग र ताली बरौली नाली निर्माण सैनामैना ९ | ३००००० | ३००००० | ६००००० |
| ६ | दुर्गा मन्दिर टोल अन्तर्गत राजमार्ग टोलमा ब्लक बिच्छ्याउने काम सैनामैना १० | ३००००० | ३००००० | ६००००० |
| ७ | सूर्यनगर टोल बुद्ध पथको घुम्टीनिर ईगुरिया नदी तटबन्धन सैनामैना ८ | ४००००० | ४००००० | ८००००० |
| ८ | ईन्द्रेणी पथमा पेभिङ्ग गर्ने कार्य सैनामैना ४ | ७५००० | ७५००० | १५०००० |
| ९ | भाटा चौर रिङ्गरोड देखि माथि लौदापानी जाने सडक स्तरउन्नती सैनामैना ६ | ३००००० | ३००००० | ६००००० |
| १० | देउराली पथको लोकमार्ग देखि पहिला खोला जाने बाटो पक्की गर्ने कार्य सैनामैना ११ | ३००००० | ३००००० | ६००००० |
| | जम्मा रु | २५००००० | २५००००० | ५०००००० |

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

मिति २०८१/१०/२० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ४

सैनामैना नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत महिला सँग उपप्रमुख कार्यक्रमको लागि विनियोजित रु २००००००। बाट कार्यविधिमा उल्लेखित समन्वय समितिवाट सिफारिस भए अनुसार तपसिल वमोजिमका कार्यक्रम सञ्चालन गर्ने गरी वजेट बाडफाड गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|
| १ | समिति पुनर्गठन, कार्यक्रम अनुगमन तथा विभिन्न समिति उपसमिति बैठक खर्च | २००००० | |
| २ | महिलाहरुको लागि कार ड्राइभिङ्ग तालिम | ४००००० | |
| ३ | आलुमिनियम कप प्लेट बनाउने तालिम तथा मेशिन खरिद | ३५०००० | |
| ४ | थारु महिलाहरुको लागि ढकिया तथा व्याच बनाउने तालिम | १००००० | |
| ५ | ४५ दिने हाते कढाइ तथा बुटिक तालिम | ३५०००० | |
| ६ | ३ महिने फेशन डिजाइन एडभान्स तालिम | ५००००० | |
| ७ | महिला जनप्रतिनिधिहरुको लागि उद्घोषण तालिम | १००००० | |
| | जम्मा रु | २०००००० | |

निर्णय नं. ५

सैनामैना नगरपालिका वडा नं. ७ को गौतम बुद्ध क्रिकेट रंगशालाको मैदानमा आत्मज्ञान प्रचार संघको आयोजनामा २०८२ वैशाख पहिलो हप्ता सञ्चालन गरिने शान्ति सम्बन्धी बृहत सत्संग कार्यक्रम सञ्चालनको लागि वडा कार्यालयको च.नं. ९६९ मिति २०८१/१०/१८ गतेको पत्र अनुसार माग भइ आएकोले उक्त कार्यक्रम सञ्चालन गर्न उक्त समयमा सैनामैना नगरपालिका वडा नं. ७ को गौतम बुद्ध क्रिकेट रंगशालाको जग्गा उपलव्ध गराउने र उक्त कार्यक्रम सञ्चालन गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/१०/२० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ६

सैनामैना नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा रहेको उत्खनन् गर्नु पर्ने माटोको आई.इ.इ. गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

सैनामैना नगरपालिकाको विभिन्न आ.व. मा लागत साझेदारीमा योजना सञ्चालन गर्दा उपभोक्ताको तर्फको ठेक्कामा घटेको तपसिलको रकम फिर्ता निकाशी दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम र स्थान | फिर्ता गर्नु पर्ने रकम रु | कैफियत |
|---|---|---|---|
| १ | चफिया पथ कालोपत्रे सैनामैना १० | २५१४८०।७९ | आ.व. २०७७/०७८ |
| | चफिया पथ कालोपत्रे सैनामैना १० | २२९१।३३ | आ.व. २०७८/०७९ |
| २ | राधाकृष्ण पथ कालोपत्रे सैनामैना १० | २६८६७२।३६ | आ.व. २०७७/०७८ |
| | राधाकृष्ण पथ कालोपत्रे सैनामैना १० | २६९८६।२० | आ.व. २०७८/०७९ |
| ३ | योगीकुटी पथ कालोपत्रे सैनामैना १० | ४४११८।६२ | आ.व. २०७८/०७९ |
| ४ | वेलचौपारी पथ कालोपत्रे सैनामैना १० | ४४९७७।६२ | आ.व. २०७८/०७९ |
| ५ | सिद्धार्थ पथ कालोपत्रे सैनामैना १० | १७५५०६।८८ | आ.व. २०७७/०७८ |

निर्णय नं. ८

सैनामैना नगरपालिकाबाट तराइ मधेश समृद्धि कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ को लागि नगरपालिकाले कूल लागत अनुमानको ३० प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी तपसिलका योजनाहरु प्राथमिकीकरण गरी राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियो ।

१. सैनामैना नगरपालिका २ र ५ नं. वडा कार्यालय जोड्ने सडक नाली सहित पेभिङ्ग
२. सैनामैना नगरपालिका ३ नं. वडा कार्यालय जोड्ने सडक नाली सहित पेभिङ्ग
३. सतह सिंचाई कूलो निर्माण नगर स्तर

साथै यस कार्यक्रमको वेव पोर्टल सिस्टममा नरहेको धर्मशाला निर्माण सैनामैना नगरपालिका वडा नं. ५ तुलवुले खोला नयाँ वस्ती मौसम चोकवाट भित्र सैनामैना नगरपालिका ५ मा यस बर्षको रु २५०००००। विनियोजन भएकोमा उक्त योजना संशोधन गरी ५ नं. वडा कार्यालय जोड्ने सडक नाली सहित पेभिङ्ग योजना कार्यान्वयन गर्ने व्यवस्था मिलाइदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (तराई मधेस समृद्धि कार्यक्रम)मा अनुरोध गर्ने समेत निर्णय गरियो ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/१०/२० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ६

सैनामैना नगरपालिका अन्तर्गतका विभिन्न स्थानमा रहेको उत्खनन् गर्नु पर्ने माटोको आई.इ.इ. गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

सैनामैना नगरपालिकाको विभिन्न आ.व. मा लागत साझेदारीमा योजना सञ्चालन गर्दा उपभोक्ताको तर्फको ठेक्कामा घटेको तपसिलको रकम फिर्ता निकाशी दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम र स्थान | फिर्ता गर्नु पर्ने रकम रु | कैफियत |
|---|---|---|---|
| १ | चफिया पथ कालोपत्रे सैनामैना १० | २५१४८०।७९ | आ.व. २०७७/०७८ |
| | चफिया पथ कालोपत्रे सैनामैना १० | २२९१।३३ | आ.व. २०७८/०७९ |
| २ | राधाकृष्ण पथ कालोपत्रे सैनामैना १० | २६८६७२।३६ | आ.व. २०७७/०७८ |
| | राधाकृष्ण पथ कालोपत्रे सैनामैना १० | २६९८६।२० | आ.व. २०७८/०७९ |
| ३ | योगीकुटी पथ कालोपत्रे सैनामैना १० | ४४११८।६२ | आ.व. २०७८/०७९ |
| ४ | वेलचौपारी पथ कालोपत्रे सैनामैना १० | ४४९७७।६२ | आ.व. २०७८/०७९ |
| ५ | सिद्धार्थ पथ कालोपत्रे सैनामैना १० | १७५५०६।८८ | आ.व. २०७७/०७८ |

निर्णय नं. ८

सैनामैना नगरपालिकाबाट तराइ मधेश समृद्धि कार्यक्रम अन्तर्गत आ.व. २०८२/०८३ को लागि नगरपालिकाले कूल लागत अनुमानको ३० प्रतिशत लागत सहभागिता व्यहोर्ने गरी तपसिलका योजनाहरु प्राथमिकीकरण गरी राष्ट्रिय योजना आयोगमा माग गर्ने निर्णय गरियो ।

१. सैनामैना नगरपालिका २ र ५ नं. वडा कार्यालय जोड्ने सडक नाली सहित पेभिङ्ग
२. सैनामैना नगरपालिका ३ नं. वडा कार्यालय जोड्ने सडक नाली सहित पेभिङ्ग
३. सतह सिंचाई कूलो निर्माण नगर स्तर

साथै यस कार्यक्रमको वेव पोर्टल सिस्टममा नरहेको धर्मशाला निर्माण सैनामैना नगरपालिका वडा नं. ५ तुलवुले खोला नयाँ वस्ती मौसम चोकवाट भित्र सैनामैना नगरपालिका ५ मा यस वर्षको रु २५०००००। विनियोजन भएकोमा उक्त योजना संशोधन गरी ५ नं. वडा कार्यालय जोड्ने सडक नाली सहित पेभिङ्ग योजना कार्यान्वयन गर्ने व्यवस्था मिलाइदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (तराई मधेस समृद्धि कार्यक्रम)मा अनुरोध गर्ने समेत निर्णय गरियो ।

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणिन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मिति २०८१/०८/२० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ९

सैनामैना नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत कोसेली घर निर्माणको लागि विनियोजित बजेटबाट सैनामैना नगरपालिका वडा नं. १० मा कोसेली घर निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

सैनामैना नगरपालिका अन्तर्गतका तपसिलका कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

क. सैनामैना नगरपालिकाको सार्वजनिक जग्गामा वन विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

ख. सैनामैना नगरपालिकाको नीजि वन विकास तथा व्यवस्थापन कार्यविधि २०८१

निर्णय नं. ११

मर्मत सम्भार कोषबाट सैनामैना नगरपालिका वडा नं. १० मा निर्मित सालझण्डी होरपाटन बसपार्कमा यात्रुहरु बस्ने बेन्ची निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

सैनामैना नगरपालिका अन्तर्गत कार्यरत तपसिलका कर्मचारीहरलाई कार्यालयको दैनिक कार्यलाई असर नपार्ने गरी उच्च शिक्षा अध्ययन गर्न विभागीय स्वीकृति दिने निर्णय गरियो ।

| क.सं. | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री रामकुमार भट्टराई | अधिकृत | |
| २ | श्री केशवराज अर्याल | अधिकृत | |
| ३ | श्री राजन पन्थी | सहायक पाँचौ | |
| ४ | श्री सुरेश जि.सी. | सहायक पाँचौ | |
| ५ | श्री महेश गैरे | एम आइ एस अपरेटर | |

निर्णय नं. १३

सैनामैना नगरपालिका वडा नं. १ मा सञ्चालित श्री दुर्गाभवानी मा.वि. लाई बस खरिदमा भन्सार छुट सिफारिस गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

मिति २०८१/१०/२० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. १४

सैनामैना नगरपालिका वडा नं. ११ को वडा स्तरीय मर्मत सम्भार शिर्षकबाट ताली ओखडा जाने सडक कालोपत्रे निर्माणको लागि रु ४५०००० विनियोजन गर्ने र वडा नं. ११ को सिन. २१ मा रहेको प्रगति टोलमा कल्भर्ट निर्माणमा विनियोजित रु २०००००। बाट ताली ओखडा जाने सडक कालोपत्रे निर्माण मा योजना संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १५

सैनामैना नगरपालिका वडा नं. ४ का पश्चिम सिसौडाँडा शिलसिला पथ, मुर्गिया टोल समावेशी पथ, शिव मन्दिर शिव पथ र सयपत्री पथ ठेक्का लगाउन लागत अनुमान अनुसारको नपुग रु १८०८२९। म्याचिङ्ग फण्डबाट श्रोत सुनिश्चित हुने गरी ठेक्का प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

## निर्णय नं. १६

सैनामैना नगरपालिका वडा नं. ४ मा निर्माणाधिन सैनामैना फूटबल रंगशालाको लागि विनियोजित बजेट मध्ये बचत हुन आउने रकमबाट सोही क्षेत्रमा फिल्ड निर्माण तथा दुबो व्यवस्थापन गर्ने निर्णय गरियो ।

## निर्णय नं. १७

सैनामैना नगरपालिका वडा नं. ६ सुखौरा जाने सडक मर्मत सम्भार कोषबाट लागत अनुमान बमोजिम रकम खर्च हुने गरी मर्मत गर्ने निर्णय गरियो ।

## निर्णय नं. १८

सैनामैना नगरपालिकामा राष्ट्रिय मगर दिवसको अवसरमा २०८१/११/१५ गते नगरपालिका वडा कार्यालय र नगरपालिका मातहत सबैविद्यालय तथा संघसंस्थाहरुमा सार्वजनिक बिदा दिने निर्णय गरियो ।

CamScanner

मिति २०८१/१०/२० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १९

सैनामैना नगरपालिका वडा नंर ३ बाट सिफारिस भइ आए बमोजिम वडा स्तरीय सि.नं. ११ गंगानगरमा कल्भर्ट निर्माण रु १०००००। योजनालाई संशोधन गरी सुकौली कृषि स्मार्ट पथ स्तरउन्नती योजना रु १०००००। कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २०

आ.व ०८२।८३ मा यस नगरपालिका अन्तर्गत तपसिलको आयोजनाहरुलाई संघीय सरकार, राष्ट्रिय योजना आयोग मार्फत तपसिलको विशेष अनुदान माग गर्ने निर्णय गरियो ।

विशेष अनुदान

| क्र.सं | आयोजनाको नाम | आयोजना किसिम | कुल लगात | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगरस्तरीय सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि ICT सामाग्री एवं संरचना सुधार कार्यक्रम | सालवसाली | २,९९,२९,७७९.७२ | २,९९,२९,७७९.७२ | |

निर्णय नं २१

आ.व ०८२।८३ मा यस नगरपालिका अन्तर्गत तपसिलको आयोजनाहरुलाई संघीय सरकार, राष्ट्रिय योजना आयोग मार्फत तपसिलको क्रमागत योजनालाई समपुरक अनुदान माग गर्ने र सो आयोजनाहरुमा साविकको कार्यविधि वमोजिमको ५०% नगरपालिका मार्फत लागत साझेदारी गर्ने निर्णय गरियो ।

समपुरक अनुदान

| क्र.सं | आयोजनाको नाम | आयोजना किसिम | कुल लागत | नगरपालिका ५०% | चालु आ.वमा अनुदान प्राप्त | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सिसौडाँडा देखि रन्यौरा हुदैं लेडुवा कुस्मा सडक कालोपत्रे, सैनामैना ४ | वहुवर्षीय | ४,१८,९८,००७.५८ | २,०९,४९,००३.७९ | ५५,००,००० | १,५४,४९,००३.७९ | क्रमागत |

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

मिति २०८१/१०/२० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं २२

आ.व ०८२।८३ मा यस नगरपालिका अन्तर्गत तपसिलको आयोजनाहरुलाई संघीय सरकार, राष्ट्रिय योजना आयोग मार्फत तपसिलको समपुरक अनुदान माग गर्ने र सो आयोजनाहरुमा कार्यविधि बमोजिमको ७०% नगरपालिका मार्फत लागत साझेदारी गर्ने निर्णय गरियो ।

| क. सं | आयोजनाको नाम | आयोजना किसिम | कुल लागत | नगरपालिका ७०% | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नगरस्तरीय पक्की सडक तथा नाली विस्तार | वहुवर्षीय | २,४५,१३,१०६.५७ | १,७१,५९,१७४.६० | ७३,५३,९३१.९७ | |
| २ | नगरस्तरीय सिचाई सुविधा विस्तार तथा स्तरउन्नती | सालबसाली | २,४९,९९,८५०.०० | १,७४,९९,८९५.०० | ७४,९९,९५५.०० | |

## निर्णय नं २३

आ.व. २०७९/८० मा विषेश अनुदानमा स्वीकृत एकिकृत फोहोरमैला प्रशोधन केन्द्र निर्माण (निरन्तरता) को लागि राष्ट्रिय योजना आयोगबाट बजेट प्राप्त भई गत आ.व सम्म जग्गाको भोगाधिकार प्राप्त हुन नसकी अधुरो रहेकोले र चालु आ.व. मा नेपाल सरकारको निर्णय बमोजिम भोगाधिकार प्राप्त भएकोले सो आयोजना अन्तर्गत पुर्वाधार निर्माणसँग सम्बन्धित कार्यहरु आ.व ०८२।८३ भित्र सम्पन्न गर्न प्रतिवद्धता गरियो ।

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख